# नेपाली व्याकरण शिक्षणविधि, चुनौती र सुधारका उपाय

**डा. कृष्णराज ढकाल** (१)
krishnar.dhakal@gmail.com
**डा. दावा शेर्पा** (१)*
sherpadawa2023@gmail.com
**सिर्जना घिमिरे** (२)
१. नेपाली शिक्षा विभाग,
महेन्द्ररत्न क्याम्पस, ताहाचल
२. मङ्गल बहुमुखी क्याम्पस, कीर्तिपुर
sirjanaghimire713@gmail.com
*Corresponding Author: sherpadawa2023@gmail.com
**Received Date:** October 28, 2024; **Reviewed Date:** Dec. 1, 2024
**Accepted Date:** Dec. 28, 2024

## लेखसार

*यस अध्ययनमा नेपाली भाषाशिक्षकहरूले व्याकरण शिक्षणका क्रममा अपनाउने विधि तथा प्रक्रियाहरूको विश्लेषण गरिएको छ । अध्ययनका लागि प्रश्नावली, कक्षा अवलोकन र अन्तवार्ताका माध्यमबाट सङ्कलित सूचनाको आधारमा निष्कर्ष निकालिएको छ । व्याकरण भाषाको अनुशासन भएकोले यसको शिक्षणले विद्यार्थीहरूलाई भाषा शुद्ध, प्रभावकारी र व्यवस्थित बनाउन मदत पुऱ्याउँछ । शिक्षकहरूले व्याकरण शिक्षणमा मुख्य रूपमा आगमनात्मक, निगमनात्मक र मिश्रित विधिहरू प्रयोग गर्ने गरेका छन् । जटिल अवधारणाहरू सिकाउन निगमनात्मक विधि उपयोगी मानिन्छ भने व्याकरणलाई भाषासँग गाँसेर सिकाउन आगमनात्मक विधि प्रभावकारी देखिएको छ । अध्ययनले आगमनात्मक विधिको प्रयोग बढ्दै जानु सकारात्मक सङ्केत भएको देखाएको छ । यद्यपि विद्यार्थीहरूलाई सक्रिय बनाउने अभ्यास र सम्प्रेषणात्मक क्रियाकलापको कमी देखिएको छ । शिक्षणका क्रममा शिक्षकहरू पाठ्यपुस्तकका अभ्यास, सेतो/कालो पाटी, उदाहरणहरू र छलफलको प्रयोग गर्छन् तर प्रविधिजन्य सामग्रीको प्रयोग न्यून छ । सम्प्रेषणात्मक विधिहरू जस्तै अन्तर्क्रिया, भूमिका निर्वाह र घटनाको अवलोकन, अपर्याप्त देखिन्छन् । शिक्षणलाई प्रभावकारी बनाउन प्रविधि, प्रयोगात्मक अभ्यास र विद्यार्थीकेन्द्रित शिक्षणविधिको अभिवृद्धि आवश्यक देखिन्छ । यस अध्ययनबाट व्याकरण शिक्षणलाई बढी रुचिकर, व्यावहारिक र प्रभावकारी बनाउन कार्यमूलक तथा प्रविधिमैत्री विधिहरूको अधिक प्रयोग आवश्यक रहेको निष्कर्ष निकालिएको छ ।*

**प्रमुख शब्दावली** : शिक्षण विधि, सम्प्रेषणात्मक क्रियाकलाप, नयाँ प्रविधि, प्रयोगात्मक अभ्यास ।

## विषयपरिचय

प्रस्तुत लेख नेपाली भाषाशिक्षकहरूले व्याकरण शिक्षणका क्रममा उपयोग गर्ने गरेका विधि तथा क्रियाकलापहरूको बारेमा विश्लेषण गरिएको छ । प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त

सूचनालाई विश्लेषणका क्रममा व्याकरणको कार्यमूलक प्रयोग तथा सम्प्रेषणात्मक पक्षलाई आधार मानिएको छ । व्याकरणले भाषालाई नियमबद्ध बनाउँछ । व्याकरण भाषाको कथ्य रूपसँग भन्दा लेख्य रूपसँग सम्बन्धित हुन्छ र लेखनसम्बन्धी आफ्नै प्रचलन तथा नियम हुन्छन् । तिनको अनुसरण गरेर मात्र लिखित भाषा लेखिनु पर्छ (ढकाल, २०७५) । त्यसैले व्याकरण भाषाको अनुशासन हो । व्याकरणलाई भाषाबाट छुट्याउन सकिँदैन र यो भाषाभन्दा अलग विषय पनि होइन । व्याकरण भाषाभित्रै हुन्छ । शर्मा र पौडेल (२०६७) ले व्याकरणलाई भाषाको नसा मानेका छन् । उनीहरूले शरीरमा नसाको महत्त्व भएजस्तै भाषाका लागि व्याकरणको त्यत्तिकै महत्त्व हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । व्याकरण भाषाको व्यवस्था हो र यसको शिक्षणबाट विद्यार्थीहरूलाई भाषिक व्यवस्थाबारे जानकारी दिन, शिष्ट, स्तरीय, शुद्ध र मानक भाषा प्रयोगको क्षमता बढाउन, भाषिक विचलनहरूप्रति सचेत हुन मदत पुग्छ । सैद्धान्तिक रूपमा व्याकरण शिक्षणले भाषाको शुद्ध प्रयोग थाहा नहुन सक्छ । तर पनि भाषाको प्रयोगगत, शैलीगत विचलनहरूबारे सचेत बनाउन व्याकरण शिक्षण निकै महत्त्वपूर्ण र उपयोगी सिद्ध हुन्छ । यस तहमा व्याकरण सहजीकरण गर्दा उपयोग गर्न सकिने विधि तथा प्रक्रियाहरू विभिन्न छन् । नेसन र मकालिस्टर (सन् २०१०) ले पाठ्यक्रम ढाँचा निर्माणका क्रममा नै व्याकरण भाषाशिक्षासम्बन्धी सिद्धान्तलाई पनि विचार गरिनुपर्छ, जसअन्तर्गत अत्यधिक प्रयोग हुने शब्दावली, क्रियापद, भाषाका कार्यहरू तथा लेखनका लागि आवश्यक उपसिपहरूको सूची तयार पारी त्यसकै आधारमा शिक्षण गर्नुपर्ने कुरामा उनीहरूले जोड दिएका छन् (पृ.६) । समसामयिक व्याकरणमा अथवा पछिल्लो समयमा व्याकरण सिकाउँदा भाषाको सङ्कथन भित्रै व्याकरणको भूमिका खोजेर सिकाउनुपर्छ भन्ने मान्यता विकसित भएको छ । व्याकरण शिक्षणका क्रममा विधि तथा प्रक्रियाहरूको निर्क्योल गर्दा विद्यार्थीहरूको तह, स्तर, उमेर, रूचि आदि कुराहरूमा ध्यान दिएर गर्नुपर्छ । अधिकारी (२०६७, पृ. १९५) ले माध्यमिक तहका विद्यार्थीहरूमा नेपाली भाषाको प्रयोग सम्बन्धी आवश्यक पूर्वानुमान विकसित भइसकेको हुँदा यस तहका कक्षामा व्याकरण तत्त्वलाई भाषाको प्रयोग पक्षसँग सम्बद्ध गराएर सिकाउनुपर्ने कुरा उल्लेख गरेका छन् ।

## व्याकरण शिक्षणका दृष्टिकोणहरू

भाषाशिक्षणका सन्दर्भमा अपनाइने सिद्धान्त तथा प्रक्रियालाई विधिका रूपमा लिइन्छ । साहित्य शिक्षणका माध्यमबाट भाषाशिक्षण र व्याकरण शिक्षण गर्ने गरिन्छ । भाषाभित्र व्याकरण निहित हुनाले भाषा र व्याकरण स्वतः प्राप्त हुँदै जाने हुन्छ । यसका लागि व्याकरण अलग्गै सिकिरहने आवश्यकता पर्दैन (अधिकारी, २०६३) । यसबाट निष्कर्ष निकाल्न सकिन्छ कि भाषाशिक्षणका क्रममा व्याकरण अलग्गै सिकिरहनु आवश्यक छैन, किनभने भाषा सिक्दै जाँदा व्याकरण स्वतः सिकिँदै गइन्छ । भाषा मानव संप्रेषणको एक महत्वपूर्ण साधन हो । नेपाली भाषाको व्याकरणमा विभिन्न भाषा तत्त्वहरूको अध्ययन गरिन्छ, जसले भाषा शुद्ध, सरल र प्रभावकारी बनाउन मदत गर्छ । माध्यमिक तहको कक्षा ९ र १० को पाठ्यक्रममा काल, पक्ष, भाव, वाक्य परिवर्तन तथा संश्लेषण, शब्दवर्ग, शब्द निर्माण, कारक, विभक्ति, वाक्य, वर्णविन्यास, लेख्य चिन्ह, वाच्य आदि समावेश गरिएको छ । यस तहका विद्यार्थीहरूका लागि व्याकरणका विभिन्न पक्षहरूको ज्ञान आवश्यक हुन्छ । भूत, वर्तमान र भविष्यत् कालको पहिचान र प्रयोग भाषाको महवत्त्पूर्ण पक्ष हुन् । भूत काललाई अभ्यस्त, अज्ञात, सामान्य आदि पक्षहरूमा विभाजन गरी प्रयोग गरिन्छ । वर्तमान काल र भविष्यत् कालका पक्षहरूको सही प्रयोगले वाक्यलाई स्पष्टता दिन्छ । नाम, सर्वनाम, विशेषण, क्रियापद,

विभक्ति, कारक जस्ता व्याकरणिक तत्त्वहरूले वाक्यको संरचना निर्माण गर्छन् । लिङ्ग, वचन, पुरुष, आदरजस्ता पदसङ्गतिहरूले वाक्यलाई सही बनाउन मदत पुऱ्याउँछन् । नाम र विशेषण शब्दको उचित प्रयोगले भाषाको सौन्दर्य बढाउँछ भने क्रियापद र क्रियायोगीको सही संयोजनले अर्थ स्पष्ट पार्छ । वर्णविन्यास, धातु रूपावली तथा लेख्य चिह्नहरू नेपाली व्याकरणका महत्त्वपूर्ण भाग हुन् । धातु शब्दहरूबाट व्युत्पन्न शब्द निर्माण गरिन्छ । उपसर्ग तथा प्रत्ययहरूको प्रयोगले शब्द निर्माण प्रक्रियालाई सहज बनाउँछ । वाच्यको प्रयोगले वाक्य संरचनामा विविधता ल्याउँछ । संयोजक, नामयोगी, निपात तथा विस्मयादिबोधक शब्दहरूको प्रयोगले वाक्यमा तारतम्य ल्याउँछ । वाक्य संरचनाअनुसार सरल, संयुक्त, मिश्र वाक्यको पहिचान र प्रयोग गरिन्छ । विभक्ति तथा कारकको अध्ययनले वाक्य संरचना अझ व्यवस्थित बनाउँछ । भाषा अध्ययन गर्दा वाक्य संश्लेषण तथा विश्लेषणको ज्ञान हुनु आवश्यक छ । यसले वाक्यलाई फरक तरिकाले रूपान्तरण गर्न मदत गर्छ । पूर्ण पक्ष, अपूर्ण पक्ष, तद्धितान्त, कृदन्त शब्दको प्रयोगले भाषालाई सुगठित बनाउँछ । यसरी माध्यमिक तहमा नेपाली व्याकरणका यी विभिन्न भाषा तत्त्वहरूको अध्ययनले विद्यार्थीहरूलाई भाषाको सुन्दरता बुझ्न र शुद्ध प्रयोग गर्न सक्षम बनाउँछ । कक्षाकोठामा शिक्षकहरूले व्याकरण शिक्षण गर्दा मूलतः आगमन र निगमन विधिको प्रयोग गर्दै आइरहेका छन् । हिजोआज व्याकरण शिक्षणका क्रममा आगमन विधिको प्रयोगलाई जोड दिइएको छ । तर व्यावहारिक रूपमा भने आगमन विधि मात्र प्रयोग नगरी निगमनात्मक विधिको पनि उत्तिकै प्रयोग भएको देखिन्छ । यस तहमा व्याकरणका सूक्ष्म नियमहरूतर्फ नगई सजिलै छुट्याउन सकिने र ठूलो बौद्धिक कसरत गर्नु नपर्ने किसिमले व्याकरणिक नियम र संरचनात्मक अभिक्षमता सिकाउनु उपयुक्त मानिन्छ (पौडेल, २०७४) । व्याकरण शिक्षण गर्दा परिभाषा र विस्तृत परिचयबाट सैद्धान्तिक शिक्षणमा पारङ्गत शिक्षकहरूले आगमनात्मक विधिको महत्त्व बुझे पनि त्यसलाई व्यवहारमा उतार्न चुनौतीपूर्ण रहेको छ ।

प्रस्तुत अध्ययनमा नेपाली भाषाशिक्षकहरू व्याकरण शिक्षणका क्रममा मुख्यतः आगमनात्मक, निगमनात्मक तथा मिश्रित विधिहरूको प्रयोग गर्दै आएका छन् । विशेषतः शिक्षकहरूले सेता/कालो पाटीमा उदाहरणहरू लेख्ने, शब्दहरू टिपोट गराउने, छलफल गराउने तथा विद्यार्थीहरूलाई उदाहरण खोज्न लगाउने गर्ने गरेका पाइयो । कक्षा ९ र १० मा अध्यापन गर्ने शिक्षकहरूद्वारा व्याकरण शिक्षणका क्रममा विभिन्न विधिहरूको प्रयोग गरिएको देखिन्छ । विशेषगरी उनीहरूले आगमनात्मक विधिमा उदाहरण प्रस्तुत गरी नियम स्पष्ट पार्ने, निगमनात्मक विधिमा नियम पहिल्यै बताइदिने तथा कार्यमूलक विधिमा पाठका अभ्यासहरू समावेश गर्ने गरेका देखियो । विशेषतः वाच्य, पदवर्ग, कारक, विभक्ति जस्ता जटिल व्याकरणिक अवधारणाहरू सिकाउँदा निगमनात्मक विधिलाई प्राथमिकता दिइने गरिएको पाइन्छ । विपरीत रूपमा काल, पक्ष, वाक्य, भाव आदि सिकाउँदा शिक्षकहरूले सुरुवातमै उदाहरण प्रस्तुत गरी पछि नियम स्पष्ट पार्ने गरेका देखियो । शिक्षण प्रक्रियामा शिक्षकहरू पाठ्यपुस्तकमा रहेका अभ्यासहरूको प्रयोग गर्ने भए पनि विद्यार्थीकेन्द्रित विधिहरूको अभाव देखिन्छ । शिक्षक नै बढी सक्रिय रहने, विद्यार्थीहरूलाई सीमित मात्रामा संलग्न गराउने तथा अभ्यासका अवसरहरू न्यून हुने अवस्था देखिन्छ । यद्यपि आगमनात्मक विधिको प्रयोग सामान्य रूपमा गरिएको पाइए पनि आवश्यक मात्रामा अभ्यास गराउने पक्षमा कमी देखिएको छ । छलफल, अन्तरक्रिया तथा सम्प्रेषणात्मक क्रियाकलापहरूको अभावका कारण व्याकरण शिक्षण अपेक्षाकृत रुचिकर बन्न नसकेको तथा विद्यार्थीहरूमा विषयप्रति रुचिको कमी देखिएको निष्कर्ष निकाल्न सकिन्छ । परिणामतः अभ्यास र सम्प्रेषणात्मक क्रियाकलापहरूको अभावले व्याकरण शिक्षणलाई प्रभावकारी बनाउन चुनौती सिर्जना गरिरहेको देखिन्छ । रिचार्डस् (सन् २०१०) का

अनुसार पाठ्यक्रम निर्माण प्रक्रियामा व्याकरणिक संरचनाहरूको छनोट सिकारुहरूको आवश्यकतामा आधारित हुनुपर्छ । नेपाली व्याकरण शिक्षणमा सिकारुहरूको आवश्यकतामा आधारित भाषाशिक्षाहरूको चयनले विद्यार्थीलाई भाषा प्रयोगमा दक्ष बनाउँछ । यसमा चुनौतीहरू जस्तै जटिल व्याकरणिक संरचनाहरूको कठिनाइ र सुधारका उपायहरू जस्तै अधिक व्यावहारिक अभ्यास र सरल व्याख्याहरूले शिक्षण प्रक्रियालाई प्रभावकारी बनाउन मद्दत पुऱ्याउँछन् ।

नेपाली भाषाशिक्षणका क्रममा व्याकरण सहजीकरणका लागि मुख्य रूपमा आगमनात्मक र त्यसपछि निगमनात्मक विधिको प्रयोग गरिएको पाइन्छ । भाषा पाठ्यपुस्तक विधिको प्रयोग निर्देशित अभ्याससम्म सीमित रहेको देखिन्छ भने अन्य विधिहरूको प्रयोग न्यून रहेको तथ्य अध्ययनबाट प्राप्त भएको छ । यद्यपि प्रविधिजन्य तथा अन्य शैक्षणिक सामग्रीको प्रभावकारी प्रयोग अपेक्षित भए पनि व्यवहारमा यसको पर्याप्त प्रयोग भएको पाइँदैन । साथै सम्प्रेषणात्मक क्रियाकलापहरूको अभावले व्याकरण शिक्षणलाई अधिक प्रभावकारी बनाउन चुनौती सिर्जना गरिरहेको देखिन्छ । तथापि अध्ययनको निष्कर्षले निगमनात्मक विधिको प्रयोग घट्दै जानु र आगमनात्मक विधिको प्रयोग बढ्दै जानु सकारात्मक सङ्केत भएको देखिन्छ । व्याकरण शिक्षणले भाषिक सिपको विकासमा योगदान पुऱ्याउने भएकाले नेपाली भाषा पाठ्यक्रमले निर्देश गरेका विभिन्न क्रियाकलापहरूको उपयोग आवश्यक देखिन्छ । विशेषगरी प्रस्तुतीकरण, अभ्यास, उत्पादन, प्रयोगात्मक कार्य, सहकार्यात्मक क्रियाकलाप तथा पाठ भित्रै व्याकरणिक भूमिकाको खोजी जस्ता प्रविधिहरूको प्रयोग बढाइनु पर्ने आवश्यकता देखिन्छ ।

प्रस्तुत अध्ययनमा अन्तर्वार्ता तथा कक्षा अवलोकनका आधारमा नेपाली भाषाशिक्षकहरूले व्याकरण शिक्षणका क्रममा आगमन, निगमन, भाषा पाठ्यपुस्तक, कार्यमूलक, प्रयोगात्मक तथा सूत्र विधिको प्रयोग गर्ने गरेको भाषाका कार्यमूलक पक्षहरू र अर्थपूर्ण पक्षहरूलाई विषयवस्तुको रूपमा समेट्नुपर्ने  र व्याकरणिक विषयवस्तुलाई पहिले, त्यसपछि कार्यमूलक विषयवस्तु र अर्थपूर्ण विषयवस्तुलाई क्रमिकरूपमा क्रमबद्ध गर्नुपर्ने कुरा (नुनान, सन् २०१९) ले उल्लेख गरेझैँ निष्कर्ष निकाल्न सकिन्छ । विशेषगरी कुनै पनि शिक्षकले एकल विधि मात्र प्रयोग नगरेको तथा अधिकांश शिक्षकहरूले आगमनात्मक र निगमनात्मक विधिको मिश्रित प्रयोगलाई प्रभावकारी ठानेको पाइन्छ । आगमन विधि शिक्षणका क्रममा शिक्षकहरू पूर्ण रूपमा अभ्यस्त नभएकाले व्यावहारिक रूपमा पूर्ण सन्तुष्टि हासिल गर्न नसकेको देखिन्छ । तथापि आगमन र निगमन विधिको संयोजनले विद्यार्थीहरूलाई व्याकरण सहज रूपमा बुझाउन मदत पुगेको शिक्षकहरूको अनुभव रहेको पाइन्छ । तर कक्षाकोठामा विद्यार्थीभन्दा शिक्षक नै बढी सक्रिय रहने प्रवृत्ति विद्यमान रहेको अध्ययनले देखाएको छ, जसले विद्यार्थीकेन्द्रित शिक्षण पद्धतिको विकास आवश्यक रहेको सङ्केत गर्दछ ।

**व्याकरण शिक्षणका गतिविधिहरूको प्रस्तुति**

मार्गनिर्देशक प्रश्न र अन्तर्वार्ता दुबैका प्रतिक्रियाहरूलाई अध्ययन गर्दा केही मात्रामा भाषाका पाठ वा अनुच्छेदभित्रै व्याकरण खोजेर, खोज्न लगाएर, उदाहरण र प्रयोग खोजेर व्याकरण सिकाउनुपर्छ भन्ने सोच विकास भएको देखिन्छ । यद्यपि व्याकरणलाई भाषाबाट अलग गराएर, निरस बनाएर शिक्षण गर्ने परिपाटी केही मात्रामा अहिले पनि निरन्तर रहेको पाइयो । व्याकरण सिकाइ सहजीकरणलाई कार्यमूलक, व्यावहारिक, विद्यार्थीमैत्री, प्रविधिमैत्री एवम् सबै दृष्टिले स्तरीय बनाउनुपर्छ भन्नेमा सबैको एक मत पाइयो तर व्यवहारमा यो मान्यतालाई उतार्न सकेको देखिएन ।

नेपाली भाषा पाठ्यक्रमले पनि व्याकरण सिकाउनका लागि छुट्टै विधि तथा प्रक्रियाहरू निर्देश गरेको देखिँदैन । पाठ्यक्रममा भाषाशिक्षणका लागि प्रस्तुतीकरण, अभ्यास, उत्पादन, पठनबोध, प्रयोगात्मक कार्य, पृष्ठपोषणजस्ता क्रियाकलाप तथा बहुबौद्धिकता, आलोचनात्मक सोच, सहकार्यमा आधारित सिकाइ, विधाका माध्यमबाट सिप सिकाइ र सिपहरूमा आधारित क्रियाकलापजस्ता प्रक्रियाहरू निर्देश गरिएको देखिन्छ । यी क्रियाकलापहरू विभिन्न विधा तथा व्याकरण सिकाइ सहजीकरणमा उपयुक्त ढङ्गले प्रयोग गर्न पाठ्यक्रमले निर्देश गरेको छ । यसलाई भाषापाठ्यपुस्तक विधिका नामले पनि चिनिन्छ । पन्त (२०८०) ले उल्लेख गरेझैँ पाठ्यक्रमले व्याकरणलाई पाठबाट अलग नगरी सिकाउनुपर्ने अपेक्षा राखेको देखिन्छ ।

व्याकरण सिकाउँदा प्रयोग, अभ्यास, विद्यार्थीहरूकै क्रियाकलापहरूलाई उदाहरण बनाएर प्रस्तुत गर्ने, उदाहरणपछि छलफल गर्ने, पृष्ठपोषण दिने, नियम तथा सूत्रहरू प्रस्तुत गरी कण्ठ गर्न लगाउने, पाठ्यपुस्तकका पाठहरूको उपयोग गरी कार्यमूलक ढङ्गले अभ्यास गराउने जस्ता क्रियाकलापहरू हुने गरेको पाइयो । व्याकरण शिक्षणमा परम्परागत कण्ठस्थीकरण गराउने, सोध्ने, सजाय दिनेजस्ता कार्यहरूमा केही सुधार आएको र अभ्यासजन्य क्रियाकलापमा जोड दिन थालेको पाइयो । हेज (सन् २००१) ले पाठ्यक्रम योजनाको महत्त्वपूर्ण पक्ष पाठ्यवस्तुको चयन हो भन्दै भाषिक संरचनालाई अज्ञात भूतको शिक्षणका लागि लोककथाको प्रयोग गर्न सकिन्छ भने सामान्य भूतको शिक्षणका लागि सामाजिक कथाको प्रयोग गर्न सकिन्छ (पृ.१९) भन्ने कुरा उल्लेख गरेका छन् । नेपाली भाषाशिक्षकहरूले व्याकरण सिकाउँदा उपयोगमा ल्याएका क्रियाकलापहरूमा विभिन्नता रहेको छ । धेरैजसो शिक्षकहरूले आगमनात्मक विधिसँग सम्बन्धित क्रियाकलापहरूलाई प्रयोगमा ल्याएको पाइयो । सैद्धान्तिक पक्षलाईभन्दा अभ्यासात्मक क्रियाकलापलाई नै बढी प्रयोगमा ल्याउनु सकारात्मक पक्ष रह्यो तर जति प्रयोगात्मक अभ्यासमा विद्यार्थीहरूलाई सक्रिय बनाउनुपर्ने हो त्यति भएको पाइएन । व्याकरण सिकाइलाई थप स्तरीय, उपयोगी एवम् रचनात्मक बनाउन पाठ्यक्रमले निर्देश गरेका क्रियाकलापहरूलाई प्रयोगमा ल्याउनु आवश्यक देखियो । पाठ्यक्रमले निर्देश गरेका क्रियाकलापहरूलाई प्रयोगमा ल्याउनेतर्फ शिक्षकहरूको ध्यान पुगेको पाइएन । नेपाली भाषाशिक्षकहरूले व्याकरण सिकाउँदा प्रयोगमा ल्याएका क्रियाकलापहरू सम्प्रेषणात्मक दृष्टिले अपर्याप्त रहेको पाइयो । अर्न्तक्रिया, छलफल, भ्रमण, सन्दर्भपरक कुराकानी, घटनाको अवलोकन, भूमिका निर्वाहजस्ता सम्प्रेषणात्मक सक्षमता हासिल गराउने खालका क्रियाकलापहरूको कमी भएको पाइयो । यस्ता क्रियाकलापहरू कत्ति पनि नभएका होइनन् तर यत्तिले पर्याप्त मात्रामा भएको पाइएन । व्याकरण सिकाइ सहजीकरण गर्दा नेपाली भाषाशिक्षकहरूले सेतो/कालो पाटी, उदाहरण, दैनिक प्रयोगका सामग्रीहरूको मात्र बढी प्रयोग गरेको पाइयो । असाध्यै कम मात्रामा प्रविधिको अर्थात् स्लाइड र भिडियोको प्रयोग भएको पाइयो । व्याकरण सिकाउँदा पनि प्रविधिको उपयोगलाई बढाउनुपर्ने आवश्यकता देखियो । अन्य शैक्षिक सामग्रीहरूको पनि प्रयोग भएको देखिएन । कक्षामा शिक्षक प्रस्तुत हुनु अघि सम्बन्धित पाठ्यवस्तु अनुसारका सामग्रीहरूको खोजी गरी सिकाइ कार्यलाई प्रभावकारी र प्रविधिमैत्री बनाउनुपर्ने आवश्यकता देखियो ।

## निष्कर्ष

नेपाली भाषाशिक्षणमा व्याकरण शिक्षणका लागि विभिन्न विधिहरू प्रयोग गरिए तापनि प्रभावकारी व्याकरण शिक्षणमा अझै केही चुनौतीहरू देखिन्छन् । प्रस्तुत अनुसन्धानमूलक लेखको लागि अध्ययनले देखाएको प्रमुख निष्कर्षअनुसार शिक्षकहरू प्रायः आगमनात्मक, निगमनात्मक तथा

मिश्रित विधिहरूको प्रयोग गर्दै आएका छन् । यद्यपि व्याकरण शिक्षणलाई प्रभावकारी बनाउन विद्यार्थीकेन्द्रित प्रविधिहरूको प्रयोग आवश्यक देखिन्छ । विशेष गरी आगमनात्मक विधिको प्रयोग बढ्दै गएको तथ्य सकारात्मक भए तापनि विद्यार्थीहरूलाई आवश्यक मात्रामा अभ्यास गराउने पक्ष कमजोर देखियो । शिक्षकहरू पाठ्यपुस्तकमा आधारित अभ्यासहरू गराउने भए पनि सम्प्रेषणात्मक विधिहरू, अन्तर्क्रियात्मक क्रियाकलाप तथा प्रयोगात्मक विधिहरूको प्रयोग सीमित रहेको पाइयो । व्याकरण शिक्षणका क्रममा उदाहरणहरू प्रस्तुत गरी नियम स्पष्ट पार्ने र अभ्यास गराउने कार्य भए पनि शिक्षकहरू नै बढी सक्रिय रहने, विद्यार्थीहरूलाई संलग्न गराउने प्रयास न्यून हुने अवस्था विद्यमान छ । व्याकरण शिक्षणका लागि पाठ्यक्रमले निर्देश गरेका विभिन्न विधिहरू र क्रियाकलापहरूको प्रभावकारी प्रयोग हुन नसकेको अध्ययनले देखाएको छ । परम्परागत रूपमा कण्ठस्थीकरण प्रवृत्ति घट्दै गइरहे तापनि प्रविधि र अन्य शिक्षण सामग्रीको प्रयोग न्यून रहेको पाइयो । व्याकरण सिकाइलाई सरल, रोचक तथा प्रभावकारी बनाउन शिक्षकहरूले दैनिक जीवनका उदाहरणहरू, खेलक्रियामूलक गतिविधिहरू, प्रविधिमैत्री विधिहरू तथा कार्यमूलक अभ्यासहरूको प्रभावकारी प्रयोग गर्नु आवश्यक छ ।

अतः नेपाली भाषाशिक्षणमा व्याकरण सहजीकरणका लागि भाषाशिक्षाहरूको उचित संयोजन, विद्यार्थीकेन्द्रित अभ्यास तथा प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्छ । व्याकरण सिकाइलाई भाषाको सम्प्रेषणात्मक पक्षसँग जोडेर प्रस्तुत गर्दा मात्र विद्यार्थीहरूका लागि व्याकरण शिक्षण रुचिकर र प्रभावकारी बन्न सक्ने निष्कर्ष निकाल्न सकिन्छ ।

**सन्दर्भसूची**


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६३), *नेपाली भाषाशिक्षण* (सातौं संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, कृष्णराज (२०७५), *स्नातक अनिवार्य नेपाली,* सुकुन्दा पुस्तक भवन ।

पन्त, धर्मानन्द (२०८०), *नेपाली भाषाशिक्षण,* रेडियम इन्स्टिच्युट प्रा.लि. ।

पाठ्यक्रम विकास केन्द्र (२०७१). *माध्यमिक शिक्षा पाठ्यक्रम, कक्षा ९-१०,* पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७८). *माध्यमिक शिक्षा पाठ्यक्रम, कक्षा ९-१०,* पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषाशिक्षण,* विद्यार्थी प्रकाशन प्रा.लि.।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

Nunan, D. (2019). *Syllabus design*. Oxford New York: Oxford University Press.

Nation, I. S. P. & Macalister, J., (2010). *Language curriculum design*. New York : Routledge Taylor & Francis Group.

Richards, J. C. (2010). *Curriculum development in language teaching*. Delhi: Cambridge University Press.

Hedge, T. (2001). *Teaching and learning in the language classroom* (Vol. 106). Oxford, UK: Oxford University Press.